YUNNAN DAILY PRESS GROUP
Issue No. 3

CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY
वर्ष २३, अंक ५०, २०७४ साल फागुन १६ गते बुधवार
YEAR 23, ISSUE 50, FEBRUARY 28, 2018


# युन्नान विश्वकै प्रथम श्रेणीका तीन हरित उद्योग स्थापना गर्ने प्रयासमा

जनवरी २७ तारीखमा युन्नान प्रान्तका पार्टी उपसचिव एवं प्रान्तीय प्रमुख रुआन चेङफाले विकास र गरिबी निवारण एकैसाथ गर्न जोड दिँदै 'हरित स्रोत', 'हरित खाद्यवस्तु' र 'स्वस्थ जीवन गन्तव्य' तीनवटा कार्ड खेल्ने गरी गरिबी निवारण र कल्याणकारी समाज सफलतापूर्वक निर्माण गर्ने र उच्च स्तरीय विकास अगाडि बढाउने बताएका छन् । प्रमुख रुआन चेङफाले सरकारी कार्य रिपोर्टमा के उल्लेख गरेका छन् भने युन्नान प्रान्तले विश्वको प्रथम श्रेणी 'हरित स्रोत''हरित खाद्यवस्तु' र 'स्वस्थ जीवन गन्तव्य' तीनवटा कार्ड राम्ररी खेली खरबौं युआन मूल्य बराबरको नयाँ उद्योग सकभर निर्माण गर्नुपर्छ । 'तीन कार्ड' सोचविचार उल्लेख गरिएपछि युन्नान प्रान्तमा व्यापक चासो भएको छ ।

**'हरित स्रोत'** : पोहोर सालको नोभेम्बरमा युन्नान प्रान्तीय सरकारले आफ्नो प्रान्तको यथार्थको आधारमा 'संसाधन विकास ढाँचा' बाट 'बजारमुखी विकास ढाँचा'मा रूपान्तरण गर्न, 'निर्माणको फाइदा' बाट 'सुधारको फाइदा'मा परिवर्तन गर्न, एकल उद्योगबाट जटिल उद्योगमा परिणत गर्न आह्वान गरेको छ र नयाँ ऊर्जा मोटर उद्योग विकास गर्नलाई सिँगो मोटरगाडी, बैटरी, मोटर, विद्युत नियन्त्रण प्रणाली र अन्य स्पेयर पार्ट्स आयात गरी औद्योगिक शृंखला सकेसम्म छिटो गर्ने योजना बनाएको छ ।

**'हरित खाद्यवस्तु'** : 'चिया, फूल र सुँगुर' पहिलो वर्गमा, 'सागसब्जी, वैद्य औषधि, ओखर र गाईवस्तु' दोस्रो वर्गमा र 'फलफूल, कफी र च्याउ' आदि तेस्रो वर्गमा राखी यिनै उद्योगहरू तीव्र विकास गर्ने युन्नान प्रान्तको परियोजना छ । यसबाहेक, कृषिजन्य उत्पादनको मुख्य उद्योग विकसित गर्नु, प्रशोधन प्रविधिको नवीकरण गर्नु, राम्रो ब्रान्डको सिर्जना गर्नु, बजार विस्तार गर्नु र पूँजी लगानी पेश गर्नु आदि पाँच वटा ठूला परियोजना बनाउनुपर्छ, कृषि उत्पादनको क्वालिटी ट्रेस गर्ने सूचना प्लेटफर्मको उपयोग गर्नुपर्छ । प्रत्येक जिल्लाका सबै नयाँ व्यवसायहरू प्रान्तीय सूचना ट्रेस प्रणालीमा समावेश गर्नुपर्छ ।

**'स्वस्थ जीवन गन्तव्य'** : युन्नान प्रान्तले आधुनिक वैद्य औषधि, खोप, स्टेम सेल उपयोग आदिदेखि चिकित्सा अनुसन्धान, उपचार र आराम गर्ने 'बडो स्वास्थ्य उद्योग'को विकास गर्नेछ । केही वर्षको मेहनत गरेपछि अन्तराष्ट्रिय उन्नत चिकित्सा केन्द्र, उपचार केन्द्र, स्वास्थ्य केन्द्र, चिकित्सक पर्यटन गन्तव्य र चिकित्सक उद्योग केन्द्र बन्न सक्नेछन् । 'युन्नानमा केवल एउटै पर्यटकीय स्थल छ र यही पर्यटकीय स्थलको नाम युन्नान नै हो' भन्ने उद्देश्यले युन्नानलाई 'सिँगो पर्यटन क्षेत्र' बनाउनुपर्छ, र 'एक मोबिलबाट युन्नान घुम्न सकिन्छ' भन्ने लक्ष्यका लागि 'विवेक पर्यटन' विकास गरी युन्नानको पर्यटन उद्योग व्यापक परिवर्तन र स्तरवृद्धि गर्नुपर्छ ।



## युन्नान इकोलोजिकल सेवा मूल्य प्रान्तीय जीडीपीको ८ गुनाभन्दा बढी

*सन् २०१४ को तथ्यांकअनुसार, युन्नान इकोलोजिकल सेवा क्षेत्रको कुल मूल्य १४ खरब २० अरब युआन पुगेको छ र तत्कालिन प्रान्तीय जीडीपीको ८.३८ गुना भएको छ । युन्नान १२औं प्रान्तीय राजनीतिक सल्लाहकार समितिको पहिलो बैठकमा प्रान्तीय परामर्शदाता, युन्नान विश्वविद्यालयका प्राध्यापक एवं युन्नान प्रान्तका इकोलोजिकल सभ्यता निर्माणको थिन्क टैंकका मुख्य वैज्ञानिक दुआन छाङजुनले प्रस्तुत गरेको उपर्युक्त अनुसन्धान तथ्यांक चासोको कुरा भएको छ ।*

### अतिरिक्त पढ्ने सामग्री

*दुई वर्षभन्दा बढी समयको अनुसन्धानपछि प्राध्यापक दुआन छाङजुन र डा. काउ वेइले युन्नान प्रान्तको दर्शन र सामाजिक विज्ञानको मुख्य परियोजना 'युन्नान प्रान्तको इकोलोजिकल सम्पतिको मूल्यांकन सिद्धान्त, विधि र अनुभव अनुसन्धान' सँगसँगै पूरा गरेका छन् । उनीहरूले बेसिनको एकाइमा युन्नान इकोलोजिकल सेवाको कार्य मूल्यांकन गरेका छन् । प्राध्यापक दुआन भन्छन्, 'युन्नानको जैविक साधन अमिर छ, इकोलोजिकल स्थान महत्त्वपूर्ण छ । यसले दक्षिण-पश्चिम चीनको इकोलोजिकल सुरक्षाको कायम गर्ने र सम्पूर्ण राष्ट्रिय इकोलोजिकल सुरक्षाको संरक्षण गर्ने जिम्मेवारी बोकेको छ ।'*

*यसका साथै, युन्नान एशियाको जल टावर भएकोले लान्काङ नदी, होङ्ह नदी र नुजिआङ नदीको डाउनस्ट्रीम क्षेत्रका १०भन्दा बढी देशहरू र एक अरबभन्दा बढी जनसंख्याको जलस्रोत, जलपरिस्थिति र संश्लेषित इकोलोजिकल सुरक्षामा प्रभाव पार्नसक्छ । दक्षिण एशिया र दक्षिण-पूर्व एशियासँगको मैत्रीपूर्ण तथा असल छिमेकी कूटनीतिमा राम्रो इकोलोजिकल परिस्थिति बनाएर डाउनस्ट्रीम क्षेत्रका देश र जनतालाई स्थायी र स्वस्थ जीवन बिताउन आश्वासन दिनु पनि एक किसिमको शक्तिशाली इकोलोजिकल कूटनीति हो । हरित विकासको 'तीन कार्ड' खेलेर युन्नानमा नव सृजनाको ठूलो सफलता हुनेछ ।*

---

### विदेशीहरू युन्नानमा

## चीन-कोरिया धान प्रजनन प्रविधिको आदानप्रदान



(भाषण) युन्नान प्रान्तीय सरकारको यस पुरस्कार पाएकोमा मलाई धेरै सम्मानित महसुस भएको छ । आशा छ, चीन र कोरियाका अनुसन्धान संस्थाबीचको सम्बन्ध अझ बलियो होस् ।

(फाइल) किम म्यङ-की (Myoung-ki kim) : कोरियाली, राष्ट्रनिर्माण विश्वविद्यालयका डाक्टर, कोरिया कृषि विकास विभागअन्तर्गत खेती बाली अकादमीका धान अनुसन्धान शाखाका उच्च अनुसन्धानकर्ता, सन् २००९ मा पहिलो पटक युन्नान आएर प्रान्तीय कृषि अकादमीअन्तर्गत खाद्यान्न अनुसन्धान संस्थाका विदेशी विशेषज्ञ हुन् । उनले २०१७मा युन्नान प्रान्तीय सरकारको 'रंगीचंगी बादल पुरस्कार' पाए । कोरियाबाट आएका डा. किम म्यङ-की धान प्रजनन विशेषज्ञ हुन् । उनी सन् २००७ सालदेखि चीन-कोरिया शीत प्रतिरोधी धान प्रजनन अनुसन्धान संस्थानमा काम गर्न थाले । उनी चीन-कोरिया धान प्रजनन विधिको आदानप्रदान र सहयोग क्षेत्रमा सक्रिय छन् । उनले संसाधन, सामग्री, जनशक्ति, प्रविधि आदि क्षेत्रमा युन्नान प्रान्तका शीत र रोग प्रतिरोधी धान प्रजनन अनुसन्धानमा धेरै सिर्जनात्मक काम गरेका छन् ।

युन्नान र कोरियाका हावापानी परिस्थिति, धानका सामग्री, पहिचान गर्ने प्रविधि र माध्यमका आधारमा उनले शीत प्रतिरोधी धानको अनुसन्धान गर्नु आफ्नो लक्ष्य तोकेर धानका सामग्री आदानप्रदान र मूल्यांकन गरी युन्नानका शीत प्रतिरोधी धान प्रजनन काममा धेरै सहायता दिएका छन् । उनले सहयोग गर्ने अवधिमा युन्नान कृषि अकादमीलाई शीत प्रतिरोधी धानसम्बन्धी ३०० सामग्री प्रस्तुत गरेका छन्, अनि अरू २० वटा निम्न शीत प्रतिरोधी धान समूहका ५० हजार धानबालीहरूबाट ३० वटा शीत प्रतिरोधी स्रोत छानेर ५०० भन्दा बढी उच्च शीत प्रतिरोधी धान विकसित गरी नवजात धान प्रजनन गर्नमा बलियो आधार बसालेका छन् ।

डा. किम म्यङ-कीको सहायतामा युन्नान प्रान्तीय कृषि अकादमीले कोरियासँग धेरै पटक प्रविधि तालीम गरी वैज्ञानिक र प्राविधिक कर्मचारीको आदानप्रदान र अनुसन्धान टोलीको निर्माणमा ठूलो सफलता पाएको छ । यो अनुसन्धान टोली सन् २००९मा युन्नानका नवीकरण टोलीको नामवलीमा पनि छानिएको छ । २०१४मा यसलाई युन्नान प्रान्तका सामान्य धान प्रजननका नवीकरण टोली पनि तोकिएको छ । टोलीका १ सदस्यले युन्लिङ उत्पादन प्रविधिका अग्रणी प्रतिभा उपाधि पाएको छ, १ सदस्यलाई युन्नान नौजवान अकादमिक नेता सम्मानित गरिएको छ, २ सदस्यले युन्नान प्रविधि नवीकरण पुरस्कार पाएका छन्, १ सदस्य युन्नान प्रविधि नवीकरणको वैकल्पिक व्यक्ति छानिएको छ । युन्नानमा कार्यरत् बेला डा. किम म्यङ-कीले चीन-कोरिया धान प्रविधि आदानप्रदान र युन्नानका शीत प्रतिरोधी धान प्रजनन अनुसन्धान क्षेत्रमा उत्कृष्ट योगदान गरेका छन् । *(पत्रकार : चेन शाओ पो)*

---

### असल छिमेक

## नेपाल पर्यटन सम्बर्द्धन संगोष्ठी बेइजिङमा आयोजित

२०१८ नेपाल पर्यटनको सम्बर्धन गर्नलाई चीनमा नेपाली दूतावासले फरवरी २ तारीखमा दर्जनौं चिनियाँ पर्यटन उद्योगपतिहरूलाई निम्तो गरेर चिनियाँ पर्यटकहरूलाई नेपाल जाने हौसला दिनेबारे एक संगोष्ठी आयोजित गरेको छ । नेपाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जितेन्द्र नारायण देवी, चीनका लागि नेपाली राजदूत लिलामणि पौडेल, चिनियाँ पर्यटन विभाग र विश्व पर्यटन संघका सम्बन्धित अतिथिहरू र दर्जनौं चिनियाँ पर्यटन उद्योगपतिहरूले यस संगोष्ठीमा सहभागिता गरे ।

नेपाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जितेन्द्र नारायण देवीले आफ्नो भाषणमा भनिन्, २०१७ साल चीनतर्फबाट नेपाल पर्यटन प्रमोसन साल तोकिएको थियो । नेपाल र चीन दुवै देशका सरकारले यस अवसरमा धेरै प्रचार-प्रसार कार्यक्रम आयोजित गरेका थिए । तिनमध्ये २०१७ अगस्टमा नेपाली सरकारले चिनियाँ संचारकर्मी र ट्रैभल एजेन्सी संचालकहरूको भ्रमण मण्डल बनाएर नेपाल भ्रमण गराइदियो । यसबाट नेपाल पर्यटनको प्रभाव विस्तार भयो । यो सालमा नेपाली सरकार यस्तो किसिमको अनुभव कार्यक्रम आयोजना गर्नेछ । पर्यटनको सहयोगबाट दुवै देशको जित-जित हुनेछ ।

संगोष्ठीमा चिनियाँ युवा एजेन्सी, बेइजिङ युवा एजेन्सी, खाङहुइ एजेन्सी आदि धेरै पर्यटन उद्योगका प्रमुखहरू पर्यटनको खर्च घटाउने, सिधा हवाइमार्ग सकेसम्म छिटै खोल्ने, प्रचारप्रसार विस्तार गर्ने, पूर्वाधार निर्माण गर्ने, बौद्ध संस्कृति ब्रान्डको स्थापना गर्ने, चिनियाँ चलचित्रमा नेपाली तत्व प्रवेश गर्ने आदि विषयहरूबारे २०१८ नेपाल पर्यटन सम्बर्धनका लागि आ-आफ्नो प्रस्ताव दिएका छन् ।

*(अन्तर्राष्ट्रिय अनलाइन रिपोर्ट, गु चेनशि)*

## युन्नान उच्च शिक्षा प्रदर्शनी बंगलादेशमा

युन्नान उच्च शिक्षा प्रदर्शनी एवं प्रचार-प्रसार सम्मेलन जनवरी २८ मा बंगलादेशको राजधानी ढाकामा उद्घाटित भयो । युन्नान र बंगलादेशबीचको उच्च शिक्षा आदानप्रदान बढाउनु यस सम्मेलनको उद्देश्य हो ।

प्रदर्शनीको आयोजक युन्नान प्रान्तीय शिक्षा विभाग हो । युन्नान विश्वविद्यालय, खुनमिङ पोलिटेक्निक विश्वविद्यालयलगायत १६ कालेज र विश्वविद्यालयले यसमा भाग लिएका थिए । 'बेल्ट एण्ड रोड' सम्बन्धी देशहरूका विद्यार्थीलाई शिक्षण शुल्क मुफ्त गर्नेजस्तै सहुलियत नीतिहरू अवलम्बन गरिने र बंगलादेशका विद्यार्थीहरू युन्नानमा अध्ययन गर्ने उपर्युक्त विश्वविद्यालयको आशा छ ।

यसै उपलक्ष्यमा चीन र बंगलादेशका विश्वविद्यालयहरूले धेरै सहयोग सम्झौता गरिसके । युन्नान विश्वविद्यालय र ढाका विश्वविद्यालयले संयुक्त रूपमा चीन-बंगलादेश अध्ययन केन्द्र स्थापना गर्ने सम्झौता डक्युमेन्ट आदानप्रदान गरे । खुनमिङ पोलिटेक्निक विश्वविद्यालय र बंगला दक्षिण-पूर्व विश्वविद्यालयबीच शिक्षा सहयोग सम्झौताको हस्ताक्षर भयो । खुनमिङ चिकित्सा विश्वविद्यालय र ढाका चिकित्सा कालेज, युन्नान पारम्परिक चिनियाँ चिकित्सा कालेज र बंगला राष्ट्रपिता विश्वविद्यालयले पनि शिक्षा सहयोग मेमरान्डम हस्ताक्षर गरे ।

बंगला देशका समाज कल्याण मन्त्री आफ्नो भाषण दिँदै बंगला देशका सरकारले 'बेल्ट एण्ड रोड' पहलको समर्थन गर्ने र बढीभन्दा बढी बंगाली विद्यार्थीहरू युन्नान गएर अध्ययन गर्ने आशा गर्दछन् । चीन-बंगलादेशको मित्रता धेरै लामो समयदेखि रहिआएको छ । चीन बंगलादेशको महत्वपूर्ण वाणिज्य साझेदारी पनि हो । दुवै देशले शिक्षा क्षेत्रमा सहयोग गर्न जोड दिनुपर्छ । यस पटकको प्रदर्शनीले सहयोगको राम्रो मौका दिएको छ । परिचयका अनुसार, हालमा युन्नानमा अध्ययन गर्ने विदेशी विद्यार्थीको संख्या १८ हजारभन्दा बढी छ, त्यसमध्ये बंगलादेशबाट आएका २ हजारभन्दा बढी छ । *(सिनह्वा एजेन्सी ल्यू चुनताउ)*

---

### तस्बिर समाचार

## 'मानव जातिको सबभन्दा ठूलो आवधिक प्रवास' शुरू




फरवरी १ तारीख, चिनियाँ वसन्त महोत्सव नजिकिँदै जाँदा एक वर्ष एक पल्टको वसन्तपर्व ढुवानी शुरु हुँदै छ । यस वर्षको वसन्तपर्व ढुवानी मार्च १३ तारीखसम्म खतम हुनेछ । चीनको वसन्तपर्व ढुवानी 'मानव जातिको सबभन्दा ठूलो आवधिक प्रवास' भनिन्छ । जानकारीअनुसार, यस वर्षको वसन्तपर्वको अवधिमा देशभरि यात्रुहरूको कुल यात्रा २ अरब ९८ करोड पुग्ने छ र पोहोर सालको बराबरी छ । तर यातायातको संरचनामा परिवर्तन आएको छ, रेलगाडी, नागरिक उड्डयनको वृद्धिदर ८.८% र १०% हुनेछ, राजमार्ग १.६% ले घट्ने छ । राजमार्गको ढुवानी पहिलो पटक माइनस वृद्धिदर हुनेछ ।

*(जन दैनिक अखबार, विदेशी संस्करण, पत्रकारहरू : यान बिङ, हान विचेङ)*

### आदानप्रदान

## फ्रेन्च टेलिभिजनमा युन्नान चिया-घोडा मार्गको चर्चा

युन्नान चिया-घोडा मार्गको इतिहास, संस्कृति र स्थानीय रीतिरिवाज तथा प्रथाहरूको जानकारी दिने फ्रेन्च टेलिभिजन कार्यक्रम 'स्वप्न स्थलः चिया-घोडा मार्ग' जनवरी २३ तारीखमा फ्रान्सस्थित चिनियाँ दूतावासमा विमोचन समारोह आयोजित भएको छ । फ्रेन्च टेलिभिजन ३ का प्रमुख दाना अस्चेले भाषण दिँदै भने, यो टेलिभिजन कार्यक्रम चीनको चिया-घोडा मार्गमा फोक्स गर्छ र दर्शकहरूलाई चीनका सुन्दर प्राकृतिक दृश्य, रंगीचंगी संस्कृति, इतिहास र स्थानीय प्रथाहरूको अवलोकन गराउन सक्छ । फ्रान्सका लागि चिनियाँ राजदूत चाई जुनले भने, चिया-घोडा मार्ग एउटै मार्ग मात्र होइन, दक्षिण-पश्चिम चीनलाई दक्षिण-पूर्व एशिया, दक्षिण एशिया र पश्चिम एशियासँग जोड्ने यातायातको सन्जाल हो । चिया-घोडा मार्ग प्राचीन रेशमी सडकजस्तै चीन र छिमेकी देशहरूबीच आर्थिक र साँस्कृतिक आदानप्रदानको महत्वपूर्ण सम्पर्क मार्ग हो ।

*(सिन्ह्वा एजेन्सी)*

### आवाज

## गरिबी निवारणमा चीनको उपलब्धि अन्तर्राष्ट्रिय समुदायद्वारा सकारात्मक टिप्पणी

चीनको सुधार र खुला नीति लागू भएको ४० वर्ष बितिसक्दा ७० करोड भन्दा बढी चिनियाँ नागरिकले गरिबीबाट मुक्त गरेका छन् । खास गरी चिनियाँ कम्युनिस्ट पार्टीको १८औं महाधिवेशनपछि चीनको गरिबी निवारण युद्धमा निर्णायक प्रगति भएको छ, प्राय ६ करोड गरिबहरू गरिबीबाट मुक्त भएका छन् । चीनको गरिबी दर पनि १०.२% देखि ४% भन्दामुनि झरेको छ र संसारमा व्यापक प्रशंसा प्राप्त भएको छ । १९औं पार्टी महाधिवेशनले सन् २०२० सम्ममा ग्रामीन बासिन्दाहरू चालू मापदण्डमा गरिबी उन्मूलन गर्ने आश्वासन दिएको छ । त्यतिबेला सम्पूर्ण 'गरिब जिल्ला' गरिबीबाट मुक्त गर्न सक्नेछन् ।

संसारमा अझै ७० करोड अतिगरिब मानिस भएको पृष्ठभूमिमा अन्तराष्ट्रिय समाजले चीनको गरिबी निवारणको अभ्यास र अनुभवप्रति खास चासो प्रकट गरेको छ । हाम्रा रिपोर्टरका अन्तर्वार्ता दिएका विदेशी विशेषज्ञ र विद्वान्हरूले भन्छन्, चीनले गरिबी निवारण क्षेत्रमा प्राप्त गरेको सफलता विश्वको नम्बर एकमा गन्न सकिन्छ । 'चीनले गरिबी कम गर्ने क्षेत्रमा अरू देशलाई आदर्श बनाएको छ ।' संयुक्त राष्ट्र संघअन्तर्गत खाद्यान्न र कृषि संगठन (FAO) का गरिबी निवारण कार्यक्रम अधिकृत आना खान्पोस हालमा भन्छिन्, 'चीनले गरिबी निवारणमा किन यति ठूलो सफलता गरेको छ भने चिनियाँ सरकारले गरिबी उन्मूलनलाई एक महत्वपूर्ण स्थानमा राखेको र आफ्नो स्पष्ट लक्ष्य भएको कारण नै हो ।' बेल्जियम संघीय संसदमा बेल्जियम-चीन मित्रता संघका अध्यक्ष क्रिस्टिन वियेनाले पत्रकारको अन्तर्वार्तामा भन्छिन्, 'विगत पाँच वर्षमा मैले धेरैपटक चीनको भ्रमण गरेकी छु, गरिबीबाट मुक्त भएका धेरै परिवारहरूसँग सम्पर्क गरी मेरो मनमा गहिरो छाप परेको छ । यदि चिनियाँ सरकारले साँचै गरिबीको समस्या समाधान गर्न चाहेन भने यस्तो ठूलो सफलता हासिल गर्न सकेनथ्यो । सटीक गरिबी उन्मूलन नीतिको निर्देशनमा ती गरिब परिवारहरू गरिबीबाट मुक्त गरेका मात्र होइन अटूट विकासको बाटो पनि रोजेका छन् । चीनको यस्तो उच्च स्तरीय र कुशल गरिबी उन्मूलन उपाय अरू देशले सिक्न योग्य छ ।'

अमेरिकन नामी भविष्यवाणी एवं लोकप्रिय लेखक जोन नेस्विटले पत्रकारलाई भन्छन्, 'विश्वव्यापी पृष्ठभूमिबाट हेर्ने हो भने चीनको गरिबी उन्मूलन प्रयासहरू गरिबीबाट मुक्त गर्न खोज्ने नवजात अर्थतन्त्रको लागि बहुत मूल्यवान् छन् ।' केही दिनअघि, विश्व अर्थतन्त्र मञ्च २०१८ को वार्षिक सम्मेलन स्वीसको सानो मौजा दावोसमा सम्पन्न भयो । चीनका गरिबी उन्मूलन अनुभवहरू सहभागीहरूमा बहुचर्चित भयो । रूसको मास्को अन्तराष्ट्रिय सम्बन्ध संस्थानका विश्लेषण केन्द्रका उच्च अनुसन्धानकर्ता गुशेभले पत्रकारलाई भने, चिनियाँ जनताको जीवन स्तर माथि बढेकोले विश्वका अरू देशहरूमा लाभदायक हुनथाल्यो । सबै देशहरू चीनको राम्रो जीवनतर्फ जाने अवसर लिएर आफ्ना देशका वाणिज्य र पर्यटनको विकास गर्न चाहन्छन् । 'गरिबी निवारणपछिको चीन झन् ठूलो उपभोक्ता बजार बन्नेछ र विश्वको अर्थतन्त्रमा बढी फूर्ति ल्याउन सक्नेछ । चीनका गरिबी उन्मूलन अनुभवहरू अरू विकासशील देशहरूले साझेदारी गर्न उपयुक्त छन् ।' भारतको शामर विश्वविद्यालयका प्राध्यापक कामचिया भन्छन्, चिनियाँ सरकारको गरिबी उन्मूलन मार्गचित्रका अनुसार, सन् २०२० सम्म गरिबी निवारण युद्धको विजय हुनेछ । यो चीनमा मात्र गरिबी निवारण गर्नु होइन, जन समुदायको लागि ठूलो योगदान पनि हो । यसले विकसित देशसहित विश्वका अरू देशलाई आदर्श बनाएको छ । यो पनि 'चिनियाँ परियोजना' र 'चिनियाँ अवधारणा'ले विश्वलाई दिएको योगदान हो । *(जन दैनिक अखबारबाट पुनर्व्यवस्थित)*

***चिनियाँबाट नेपालीमा अनुवाद : ह ठाव रुङ***

---

### आकर्षक युन्नान

## युन्नान कृषि उत्पादनहरू १०० भन्दा बढी देशमा बिक्री

युन्नान प्रान्तीय कृषि विभागबाट प्राप्त सूचनाअनुसार, सन् २०१७ जनवरीदेखि नोभेम्बरसम्म युन्नान प्रान्तका कृषि निर्यात २१ लाख ६२ हजार टन छ, निर्यात रकम ३ अरब ९० करोड ९० लाख अमेरिकी डलर छ ।

गत वर्षको त्यही अवधिको तुलनामा ०.८% बढेको छ । विदेशमा कृषि लगानी र सहयोग तीव्र रूपमा बढेको छ, निर्यात उन्मुख कृषिको राम्रो फल प्राप्त भएको छ । हाल साल युन्नान प्रान्तले कृषि उत्पादनहरू विदेशमा निर्यात गर्ने, पठार विशेषतासहित कृषि उत्पादनहरू 'बाहिर जाने' प्रोत्साहन र समर्थन गर्दै आएको छ । यसको फलस्वरूप, कृषि निर्यातका मात्रा र भाउ तीव्र गतिले बढिरहेको छ, निर्यात रकम केही वर्षदेखि पश्चिमी चीनका प्रान्तहरूमध्ये पहिलो स्थान रहेको छ । युन्नान प्रान्तका निर्यात कृषि उत्पादनहरू मुख्यतः सागसब्जी, फलफूल, चुरोट, कफी, मसला तेल, चिया, फूल आदि हुन् ।



यिनीहरू प्रान्तीय कुल निर्यातमा ८०% ओगटेको छ । निर्यात बजार मुख्यतः एशिया र युरोपमा छ, थाइल्याण्ड, भियतनाम, मलेशिया, जर्मनी, जापान आदि १०० भन्दा बढी देश र क्षेत्रहरूमा निर्यात गरिन्छ । यसका साथै, युन्नान प्रान्तले विभिन्न व्यावसायिक संस्थाहरू परदेशमा खासगरी छिमेकी देश गएर पारस्परिक लाभ र जित-जित हुने कृषि उत्पादन र आयात-निर्यात गर्न प्रोत्साहन गर्छ । अहिलेसम्म विदेशमा लगानी गर्ने युन्नान कृषि उद्योग १३० वटा छन् र चीनमा पहिलो स्थान छ । विदेशमा युन्नानको कुल लगानी ७९ करोड ६० लाख अमेरिकी डलर छ, विदेशमा लगानी गरेको जग्गा जमीन र जल क्षेत्रफल जम्मै ५ लाख ४० हजार हेक्टर छ, लगानी गर्ने देश मुख्यतः लाओस, बर्मा, भियतनाम आदि छन् । *(पत्रकार : छ्यु शुनिङ)*